# ऐरावती गाउँपालिका
# स्थानीय राजपत्र

ऐरावती गाउँपालिकाद्धारा प्रकाशित

खण्ड-.८, ऐरावती गाउँपालिका, मितिः २०८१/१०/२८ संख्या : १


भाग २

## ऐरावती गाउँपालिका

**गाउँ कार्यपालिकाको कार्यालय**

बरौँला, प्यूठान

# ऐरावती गाउँपालिकाबाट प्रदान गरिने एम.वि.वि.एस छात्रवृत्ति वितरण कार्यविधि, २०८१

गाउँकार्यपालिकाबाट स्वीकृत मिति २०८१/१०/२८

**प्रस्तावनाः**

ऐरावती गाउँकार्यपालिकाको कार्यालयबाट यस गाउँपालिका भित्र रहेका गरिव, जेहेन्दार, लगनशिल र मेहनती विद्यार्थीहरुलाई प्रोत्साहन स्वरुप छात्रवृत्ति उपलब्ध गराई प्राविधिक जनशक्ति (एम.वि.वि.एस डाक्टर) उत्पादन गर्न वाञ्छनिय भएकोले ऐरावती गाउँपालिका प्रशासकीय कार्यविधि नियमित गर्ने ऐन २०७५ को दफा ४ बमेजिम ऐरावती गाउँपालिका गाउँकार्यपालिकाले कार्यविधि बनाएको छ ।

**१. संक्षिप्त नाम, विस्तार र प्रारम्भः**

(१) यो कार्यविधि नाम **"ऐरावती गाउँपालिकाबाट प्रदान गरिने एम.वि.वि.एस. छात्रवृत्ति वितरण कार्यविधि २०८१** रहेको छ ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

**२. परिभाषाः** (१) विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क) "छात्रवृत्ति" भन्नाले एम. वि. वि. एस. अध्ययनका लागि गाउँकार्यपालिकाले उपलब्ध गराएको आर्थिक अनुदान वा सुविधा सम्झनु पर्दछ ।

(ख) गाउँपालिका" भन्नाले ऐरावती गाउँपालिका सम्झनु पर्दछ ।

(ग) "गाउँपालिकार्यपालिका" भन्नाले ऐरावती गाउँकार्यपालिका सम्झनु पर्दछ ।

(घ) एम.वि.वि.एस" भन्नाले ऐरावती गाउँपालिका बाट छात्रवृत्ति प्राप्त गरी नेपालका विश्वविद्यालयहरुमा एम वि. वि. एस. तहमा भर्ना भई अध्ययनरत विद्यार्थीलाई सम्झनु पर्दछ । यस शब्दले एम.वि.वि.एस.को प्रवेश गरीक्षा पास गरी छात्रवृत्तिको लागि आवेदन दिने विद्यार्थीलाई पनि जनाउनेछ ।

(ङ) छात्रवृत्ति निर्णय समिति भन्नाले नियम ५ बमोजिमको छात्रवृत्ति निर्णय समिति सम्झनु पर्दछ ।

(च) "गरिव" भन्नाले एकाघरका कुनै पनि सदस्यको रोजगार नभई जिविकोपार्जन गर्न अप्ठयारो भएका परिवारका सदस्य जनाउदछ ।

(छ) "जेहेन्दार" भन्नाले SEE तह र सो भन्दा माथी I.Sc उत्तीर्ण गरी एम.वि.वि.एस. को प्रवेशिका परीक्षा उत्तीर्ण भएको हुनुपर्नेछ ।

**३. छात्रवृत्ति पाउने मापदण्डः**

क) छात्रवृत्तिको लागि आवेदन दिने आवेदक ऐरावती गाउँपालिकाको स्थायी बासिन्दा हुनुपर्नेछ ।

ख) आवेदकले कक्षा १० (क्भ्भ्) सम्म सामुदायिक बिध्यालयबाट उतिर्ण गरेका हुनुपर्ने छ । तर सामुदायिक बिध्यालयमा पढेका कसैले आवेदन नदिएमा अन्यलाई पनि दिन सकिनेछ ।

ग) छात्रवृत्तिको लागि आवेदकले तपसिल बमोजिमका प्रमाणपत्रहरुको प्रतिलिपि संलग्न राखी छात्रवृत्तिको निवेदन गाउँपालिकाको कार्यालयमा पेश गर्नु पर्नेछ ।

- ⇨ निवेदन
- ⇨ नेपाली नागरिकताको प्रमाणपत्र ।
- ⇨ कक्षा १० (SEE) पास गरेका कागजात ।
- ⇨ I.Sc पास गरेका कागजात ।
- ⇨ सम्बन्धित वडा कार्यालयको सिफारिस ।

**४. छात्रवृत्ति उपलब्ध गराईने प्रकृयाः**

(क) छात्रवृत्तिको लागि आवेदकबाट दफा ३ (ग) बमोजिमको कागजातहरु पेश भएको हुनु पर्नेछ ।

(ख) कार्यलयले छात्रवृत्तिको लागि आवेदकबाट पेश भएका कागजातहरु अध्ययन गरी छात्रवृत्ति प्रदानको निर्णयको लागि दफा ५ बमोजिमको समिति समक्ष पेश गर्नु पर्नेछ । कुनै संघ संस्थाबाट पूर्ण रुपमा छात्रवृत्ति पाईसकेको व्यक्तिलाई छात्रवृत्ति प्रदान गरिने छैन । साथै अधिकृत स्तरका राष्ट्रसेवक कर्मचारी, उच्च तहका जनप्रतिनिधि, ठुला व्यापारी वा निर्माण व्यवसायी र आर्थिकरुपमा सम्पन्न व्यक्तिका छोरा, छोरीलाई समेत प्रदान गरिने छैन ।

२. माथिका दफामा जुनसुकै कुरा लेखिएको भएता पनि उल्लिखित छात्रवृत्तिको बारेमा यस गाउँपालिकाले कुनै मेडिकल कलेज सगँ सम्झौता गरेर कार्यान्वयन गर्न पनि सक्नेछ ।

**५. छात्रवृत्ति निर्णय समितिः**

क) छात्रवृत्तिका लागि आवेदकबाट पेश भएका कागजातहरु अध्ययन गरी

छात्रवृत्ति प्रदान गर्ने निर्णयको लागि तपसिल बमोजिमको समिति रहनेछ।

| | |
|---|---|
| संयोजकः | गाउँपालिका प्रमुख |
| सदस्यः | गाउँपालिका उप-प्रमुख |
| सदस्यः | प्रमुख प्रशासकीय अधिकृत |
| सदस्यः | लेखा शाखा प्रमुख |
| सदस्यः | प्रशासन शाखा प्रमुख |
| सदस्यः | स्वास्थ्य शाखा प्रमुख |
| सदस्यः | शिक्षा शाख प्रमुख |

ख) समितले आफ्नो प्रकृया आफै निर्धारण गर्नेछ।

ग) छात्रवृत्ति पाउने विद्यार्थी छनोटका लागि विज्ञहरु समेतको एक उप समिति गठन गर्न सकिनेछ।

घ) छात्रवृत्ति छनोट परीक्षा खुला प्रतिष्पर्धाद्वारा हुनेछ।

(ङ) विद्यार्थी छनोट गर्दा आवेदक विद्यार्थी रहेको वडाको वडा अध्यक्ष आमन्त्रित्र सदस्यको रुपमा रहनेछ।

**६. छात्रवृत्ति रकमः**

(क) ऐरावती गाउँपालिकाबाट प्रदान गरिने एम.वि.वि.एस. छात्रवृत्तिको रकम गाउँसभा वा गाउँकार्यपालिकाले तेकेबमेजिम वा अध्ययन अवधिभरको लागि आवश्यकता अनुसार उपलब्ध गराईनेछ।

ख) यसरी छात्रवृतिको रकम प्राप्त गरको विद्यार्थीहरुले अनिवार्य रुपमा एम.वि.वि.एस. कोर्ष अध्ययन गर्नुपर्नेछ। तर पुरै अवधि अध्ययन नगरि विचमै अध्ययन छाडेको पुष्टि भएमा उपलब्ध गराईएको छात्रवृत्तिको रकम गाउँपालिकामा फिर्ता गर्नु पर्नेछ। साथै अध्ययन पुरा गरि सके पछि कम्तिमा ३ बर्ष गाउँपालिकाले तोकेको अस्पताल वा कार्यालयमा स-शुल्क सेवा गर्नु पर्नेछ। सोको सम्झौता छात्रवृत्ति रकम प्रदान गर्ने निर्णय पश्चात गरिनेछ।

७. बाधा अड्काउ फुकाउः यस कार्यबिधिमा उल्लेख नभएके बिषयमा कुनै नितिगत ब्यबहारीक वा कार्य सम्पादनमा समस्या तथा बाधाअड्चन आएमा ऐरावती गाउपालिका गाउँकार्यपालिकाले बाधाअड्चन फुकाउन सक्नेछ।

## अनुसूची-१
## (एम.वि.वि.एस. छात्रवृत्ति पाउनको लागि दिने
## (निवेदनको ढाँचा)

श्री पालिका प्रमुख ज्यू,
ऐरावती गाउँपालिकाको कार्यालय,
बरौला, प्यूठान ।

मितिः-

**बिषयः एम.वि.वि.एस. छात्रवृत्ति पाउँ ।**

प्रस्तुत विषयमा यस ऐरावती गाउँपालिका अन्तर्गत वडा नं...... मा बस्ने श्री.................................. ..को छोरा/छोरी वर्ष............ को म श्री.................................................. ले एम वि. वि. एस. अध्ययनको लागि मेरो आर्थिक अवस्था कमजोर भई अध्ययन गर्न कठिनाई भएकोले यस कार्यालयबाट एम.वि.वि.एस. अध्ययनको लागि छात्रवृत्ति वितरण गर्ने कार्यक्रम भएकोले मैले सो अध्ययनको लागि आवश्यक कागजात यसैसाथ संलग्न राखी यो निवेदन पेश गर्दछु। मैले पेश गरेको विवरण ठिक साँचो छ । झुट्टा उगरेमा प्रचलित कानुन बमोजिमको सजाय भोग्न मञ्जुर छु ।

निवेदक
नाम थर......
ठेगाना..
सम्पर्क नं.

## अनुसुची २
## (एम.वि.वि.एस. छात्रवृत्ति प्राप्त गर्ने विद्यार्थीका लागि)
## कबुलियतनामा

श्री......................................................को नाति/नातिनी श्री..........................................श्री.........................................को छोरा/छोरी ऐरावती गाउँपालिका वडा नं................. बस्ने श्री.............................. ले ऐरावती गाउँपालिका बाट एस.वि.वि.एस. छात्रवृत्ति प्राप्त गरेकोले उक्त विषय..................................... कलेजमा भर्ना भै अध्ययन गर्नेछु । अध्ययनको प्रगति विवरण बार्षिक रुपमा यस गाउँपालिकामा पेस गर्नेछु । अध्ययन नगरेमा, विचैमा छोडेमा वा विरामी भै वा अन्य कारणले छोड्नु परेको खन्डमा सो व्यहोराको जानकारी यस गाउँपालिकामा अविलम्ब गराउनेछु। छात्रवृत्ति रकम प्राप्त गरी केही कारणले अध्ययन गर्न नसकेमा उक्त रकम फिर्ता गर्नेछु । सो रकम नभुझाएमा गाउँपालिकाले सरकारी बाँकी सरह असुल उपर गरेमा मेरो मञ्जुरी छ भनि यो कबुलियतनामा पेस गरेको छु ।

छात्रवृत्ति पाउनेको
सहीः
नामः
ठेगानाः
मितिः
तहः
फोनः
कलेजको नामः
ठेगानाः
फोन

| वायाँ | दायाँ |
|---|---|
| | |

# अनुसुची ३

# कबुलियतनामा

## (छात्रवृत्ति प्राप्त गर्ने विद्यार्थीको अभिभावकको लागि)

श्री...................................... को नाति/नातिनी श्री.......................................................... श्री ...............................................को छोरा/छोरी ऐरावती गाउँपालिका वडा नं................. बस्ने श्री.............................. ले ऐरावती गाउँपालिका बाट एस.वि.वि.एस. छात्रवृत्ति प्राप्त गरेकोले उक्त विषय .......................................... कलेजमा भर्ना भै अध्ययन गर्नेछु । अध्ययनको प्रगति विवरण बार्षिक रुपमा यस गाउँपालिकामा पेस गर्नेछु । अध्ययन नगरेमा, विचैमा छोडेमा वा विरामी भै वा अन्य कारणले छोड्नु परेको खन्डमा सो व्यहोराको जानकारी यस गाउँपालिकामा अविलम्ब गराउनेछु। छात्रवृत्ति रकम प्राप्त गरी केही कारणले अध्ययन गर्न नसकेमा उक्त रकम फिर्ता गर्नेछु । सो रकम नभुक्ताएमा गाउँपालिकाले सरकारी बाँकी सरह असुल उपर गरेमा मेरो मञ्जुरी छ भनि यो कबुलियतनामा पेस गरेको छु ।

छात्रवृत्ति पाउनेको अभिभावकको

सही

नामः

ठेगानाः

मितिः

फोनः

| | |
|---|---|
| वायाँ | दायाँ |

## अनुसूची-४

**(गाउँपालिका र सम्बन्धित कलेज/ विद्यार्थि बिचको लागि)**

यस ऐरावती गाउँपालिकाले गरिब र जेहेन्दार छात्रवृतीमा विद्यार्थीलाई एम.वि.वि.एस. पढाउने विषयमा ऐरावती गाउँपालिका (पहिलो पक्ष) र सम्बन्धित कलेज (द्रोस्रो पक्ष) बिच तपसिल बमोजिमको करार सम्झौता गर्न दुबै पक्ष मन्जुर भएकाले तपसिलका शर्तको अधिनमा रहि ऐरावती गाउँपालिका गाउँकार्यपालिकाको कार्यालय, बरौला, प्यूठान जसलाई यस कबुलियतनामामा यसपछि पहिलो पक्ष भनि सम्बोधन गरिएको छ । हामी दुबै पक्ष यस ऐरावती गाउँपालिका भित्रका गरिव, जेहेन्दार तथा उत्कृष्ठ चिकित्साशास्त्र अध्ययन इन्ट्रान्स परीक्षा उत्तिर्ण हुनुभएका विध्यार्थीहरुलाई सम्बन्धित अध्ययन गर्ने सहयोग पुर्याउनका लागि तपसिलका शर्तको अधिनमा रहि करार सम्झौता गर्ने दुबै पक्ष यो करार सम्झौता गरी एक एक प्रति लियौं दियाँ ।

**करारका शर्तहरुः**

१. भर्ना हुन छनौट भएका विद्यार्थीको लागि कलेजको लाग्ने सम्पुर्ण शुल्क ऐरावती गाउँपालिकाले किस्ताबन्दीमा सोझै कलेजको खातामा वा विद्यार्थिको अभिभावकको खातामा दुबै पक्ष विच सम्झौता भए पछि पठाउने ।

२. आवश्यक पर्ने रकम कलेजले माग गर्ने र सो को विल भरपाई ऐरावती गाउँपालिकालाई समयमै पठाउने ।

३. विद्यार्थीको पढाईको प्रगति प्रतिवेदन कलेजको नियमानुसार गाउँपालिकालाई जानकारी दिने ।

४. विद्यार्थीले पढाई छाडेको वा कुनै करणले अनियमित भएमा सो को जानकारी दोस्रो पक्षले पहिलो पक्षलाई यथासिघ्र जानकारी गराउने ।

५. अन्य कुनै समस्या परे पहिलो पक्ष र दोस्रो पक्ष मिलेर आपसि समझदारी सामाधान गर्ने ।

| | |
|---|---|
| दोस्रो पक्ष सहिः | पहिलो पक्षः |
| सहिः | सहिः |
| नाम | नामः |
| पदः | पदः |
| ठेगानाः | ठेगानाः |
| फोन नं. | फोन नं. |

**आज्ञाले**
हिमाल विश्वकर्मा
प्रमुख प्रशासकीय अधिकृत